काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, ३ नं. प्रदेश, नेपाल

पत्र संख्या:- ०७६/०७७ मिति ......२०७६/०१/०४...

चलानी नं.:- १४३५

श्री सबै वडा कार्यालयहरु
काठमाडौं महानगरपालिका ।

बिषय : आ.व. २०७६/७७ को लागि योजना छनौटको मार्गदर्शन पठाइएको ।

नेपालको संविधानले आत्मसात गरेको शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न नेपाल सरकारले लिएको **"सम्वृद्ध नेपाल, सुखी नेपाली"** को सोचलाई साकार पार्न, नेपाल सरकारले संयुक्त राष्ट्र संघमा सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न जनाइएका प्रतिवद्धता पुरा गर्न, केन्द्रिय सरकारले योजना तर्जुमा गर्दा लिएको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति आदिलाई स्थानीय सकारले योजना तर्जुमा प्राथमिकतामा राखी लक्ष्य तथा उद्देश्य हासिल गर्न सघाउ पुग्ने मापन समेत तयार पारी सोहीलाई आधार मानी काठमाडौं महानगरपालिकाको आर्थिक २०७६/०७७ को बजेट तथा कार्यक्रम निम्न बमोजिम हुने गरी २०७५ वैशाख १५ गते भित्र वस्ती तहका योजना छनोट गरी पठाइदिन हुन यो मार्गदर्शन पठाइएको छ । योजना छनौटको नमूना यसै साथ संलग्न गरी पठाइएको व्यहोरा समेत आदेशानुसार अनुरोध गर्दछु ।

तपसिल

१. **बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्नेछ ।**

१.१. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

१.२. उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

१.३. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने ।

१.४. स्थानीय सहभागिता जुटने, स्वयंसेविका परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।

१.५. स्थानीय श्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने ।

१.६. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष्य लाभ पुग्ने ।

१.७. लैंङगीक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि हुने ।

१.८. दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुग्ने ।

१.९. भाषिक तथा सांस्कृतिक पक्षको जर्गना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

१.१०. वडाले आवश्यक देखिएका अन्य विषयका आयोजनाहरु ।

२. **बार्षिक योजना छनौट गर्नु पुर्व निम्न विषयमा ध्यान दिनु हुन ।**

२.१. योजना छनौट गर्दा सो वस्ती भित्रका (सबै वर्ग र समुदाय (महिला, आदीवासी, दलित, जनजाती, उत्पीडत वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वाल वालिका, अपाङता भएका व्यक्ति) लगायत सबै समूहको सभागिता सुनिश्चत गर्नुहुन ।

बागदरवार, काठमाडौं, नेपाल । फोन नं.: ४२६८५०६, फ्याक्स: ४२६८५०९
पो.ब.नं.: ८४१६, ईमेल: info@kathmandu.gov.np, kmcmayor@mos.com.np, वेभसाईट: www.kathmandu.gov.np
फोन नं.: ४२३१४८१ (प्रमुख), ४२३१४२९ (उपप्रमुख), ४२३१३१२ (कार्यकारी अधिकृत), ४२६८५०६/७/८/१०, फ्याक्स नं.: ४२६८५०९
ईमेल: kmcmayor@mos.com.np, ceo@kathmandu.gov.np पोष्ट बक्स नं. ८४१६, बाग दरवार, काठमाडौं, नेपाल
वेभ साइट: www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका
## 𑐏𑐵𑐥𑑂𑐰 𑐩𑐴𑐵𑐣𑐐𑐮𑐥𑐵𑐮𑐶𑐎𑐵
## नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, ३ नं. प्रदेश, नेपाल


पत्र संख्याः-

मिति ..............................

चलानी नं.:-

२.२. टोल भित्रका कृयाशिल सामुदायिक संस्थाहरु, महिला/आमा समूह, वाल क्लव, युवा क्लव, स्थानीय गैर सरकारी संस्थाहरु, नागरिक सचेतना केन्द्र, बिभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहलाई समेत सहभागी गराउनु हुन ।

२.३. टोल/वस्ती भित्रका सरकारवालाहरुवाट प्राप्त हुन आएका र वडा समितिवाट छनौट भएका विकास आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण गरी पहिलो प्राथमिकतामा परेका कार्यक्रम/आयोजानाहरुलाई P1 र दोश्रो प्राथमिकतामा परेका कार्यक्रम/आयोजनाहरुलाई P2 गरी सिफारिस गर्नु हुन ।

२.४. दुई वा सोभन्दा वदी वडामा पर्ने आयोजना भएमा जुन वडामा आयोजनाको क्षेत्र बढी पर्छ सोही वडाबाट आयोजना सिफारिस गरी पठाउनु हुन ।

२.५. योजना सिफारिस गरी पठाउंदा काठमाडौं महानगरपालिकाको आवधिक योजना २०७० मा परेको र हालसम्म कार्यान्वयन नभएको योजनालाई प्राथमिकताको क्रममा राखी सिफारिस गर्नु हुन ।

२.६. यस कार्यालयले संचित कोषबाट प्राप्त गर्ने वित्तिय समानिकरण अनुदान, सशर्त अनुदान, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व, बिशेष अनुदान, रोल्यटी आदि निश्चित भई नसकेकाले आर्थिक बर्ष २०७६/०७७ को लागि तंहा वडा कार्यालयको बजेट सिमा काठमाडौं महानगरपालिका, बोर्ड बैठकमा छलफल गरी तय गरिनेछ ।

आवधिक योजना काठमाडौं महानगरपालिकाको वेभ साइट www.kathmandu.gov.np बाट हेर्न सकिनेछ ।

..............................

(बुद्धरत्न मानन्धर)

निर्देशक

२०७६/१/८

<u>सादर अवगतार्थ</u>

श्रीमान् प्रमुखज्यू

श्रीमान् उप प्रमुखज्यू

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू

काठमाडौं महानगरपालिका


बागदरवार, काठमाडौं, नेपाल । फोन नं.: ४२६८५०६, फ्याक्स: ४२६८५०९

पो.ब.नं.: ८४१६, ईमेल: info@kathmandu.gov.np, kmcmayor@mos.com.np, वेभसाईट: www.kathmandu.gov.np

फोन नं.: ४२३१४८१ (प्रमुख), ४२३१४२९ (उपप्रमुख), ४२३१३१२ (कार्यकारी अधिकृत), ४२६८५०६/७/८/१०, फ्याक्स नं.: ४२६८५०९

ईमेल: kmcmayor@mos.com.np, ceo@kathmandu.gov.np पोष्ट बक्स नं. ८४१६, बाग दरवार, काठमाडौं, नेपाल

वेभ साइट: www.kathmandu.gov.np